# मोहन्याल गाउँपालिका

## मोहन्याल गाँउपालिका आकस्मिक विपद् व्यवस्थापन कोष निर्देशिका

## २०७५

मोहन्याल गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

खिमडी, कैलाली

सुदूरपश्चिम प्रदेश-नेपाल ।

CamScanner

# आकस्मिक विपद् व्यवस्थापन कोष निर्देशिका -२०७५

प्रमाणिकरण मिति : २० / /

**प्रस्तावना :** कैलाली जिल्ला बहुप्रकोपको दृष्टिकोणले नेपालका अन्य जिल्लाहरु भन्दा उच्च जोखिममा रहेको जिल्ला हो । यहाँ प्रत्येक वर्ष बाढी, पहिरो, आगलागी, शीतलहर, महामारीका साथै सडक दुर्घटनाको जोखिमले धनजनको क्षति गरिरहेको अवस्था विद्यमानछ । मोहन्याल गाउँपालिका क्षेत्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक तथा निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सामाजिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधान अनुसार मोहन्याल गाउँपालिले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम " आकस्मिक विपद् व्यवस्थापन कोष निर्देशिका -२०७५ " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

क) "अध्यक्ष" भन्नाले गाँउपालिकाको प्रमुख सम्झनु पर्छ ।

ख) "उपाध्यक्ष" भन्नाले नगरपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ग) "कोष" भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

घ) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागि, विषक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

च) "विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐन को दफा १६ बमोजिम कैलाली जिल्लामा गठन भएको जिल्ला विपद व्यवस्थापन समिति सम्झनु पर्छ ।

छ) "तोकीएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ज) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १४ बमोजिम सुदूरपश्चिम प्रदेशमा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

झ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना,हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुवान, खडेरी, आँधी, हुरी, बतास, शीतलहर, तातो हावाको लहर, चट्याङग, भुकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

ञ) "राष्ट्रिय कार्यांकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

ट) "राष्ट्रिय परिषद" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ।

ठ) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघिय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ।

ड) "विपद" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिंजना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

ढ) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील तथा विपद् व्यवस्थापनको लागि पवरिचालन गर्न तयार गरिएको विशिष्टिकृत सहायताकर्मीलाई समेत जनाउँछ।

ण) " विपद् जोखिम न्यूनिकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनिकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धि कार्य सम्झनु पर्छ।

त) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटना पछि गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् जोखिमलाई कम गर्ने सम्बन्धि कार्य सम्झनु पर्छ।

थ) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्ना साथ तत्कालै गरीने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित कार्य सम्झनु पर्छ
।

द) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य र विपद् पुर्नलाभसँग सम्बन्धित सम्पुर्ण क्रियाकलाप सम्झनु पर्छ।

ध) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ।

CS CamScanner

न) "समिति" भन्नाले दफा ३ बमोजिमको गाउँविपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

प) "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

फ) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

ब) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानुन बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनुपर्छ ।

भ) "आकस्मिक विपद् व्यवस्थापन कोष" विपद् व्यवस्थापन कोष भन्नाले संघिय सरकार, प्रदेश सरकार, गाउँपालिका तथा अन्य दाता र सहयोगीहरुबाट संकलन गरी संकलन गरिएको रकम बुझ्नु पर्दछ जुन समुदायमा कुनै पनि आपत विपद् आईपरेमा प्रभावित व्यक्तिको मानवीय सेवाका लागि खर्च गर्न संकलन गरी स्थापना गरिएको कोष भन्ने बुझिन्छ ।

## परिच्छेद - २

## विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३.गाउँ विपद् व्यवस्थापन समिति : (१) मोहन्याल गाँउपालिका भित्रको विपद् व्यवस्थापन सम्वन्धि कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न एक नगर विपद् व्यवस्थापन समिति रहनेछ ।

२) समितिको गठन देहाय बमोजिम हुनेछ : ।

क) गाउँपालिकाको अध्यक्ष -संयोजक

ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) विषयगत समितिका संयोजकहरु -सदस्य

च) सामाजिक शाखा प्रमुख -सदस्य

छ) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

ज) मोहन्याल गाँउपालिकालिका सुरक्षा प्रमुख -सदस्य

झ) राष्ट्रिय मान्यता प्राप्त दलका मोहन्याल स्थित प्रमुख तथा प्रतिनिधि - सदस्य

ञ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) - सदस्य

ट) निजी क्षेत्रको उद्योग वाणिज्य सम्वन्धी मान्यताप्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) - सदस्य

ठ) गैरसरकारी संस्था महासंघका स्थानीय प्रतिनिधि (१ जना) - सदस्य

ड) नेपाल महासंघको प्रतिनिधि (१ जना) - सदस्य

ढ) विपद् व्यवस्थापन हर्ने गरि तोकिएको शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि (ञ), (ट),(ठ),(ड),(ढ) र (ण) (४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिम समितिको रुपमा समेत काम गर्नेछ ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्था** : (१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक वस्नेछ ।

(२) समितिको सदस्य -सचिवले समितिको बैठक वस्ने मिति, समय र स्थान तोकि बैठमा छलफल हुने विषय सूचि सहितको सुचना बैठक वस्ने समय भन्दा २४ घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक वोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै वेला पनि समितिको बैठक वोलाउन सक्नेछ । र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा एक जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक वस्न सक्नेछ ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा वस्नेछ ।

(६) समितिको निंणय बहुमत द्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निंणय मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्वन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्ने छ ।

(८) समितिको बैठक सम्वन्धि अन्य कार्य विधि समिति आफैले निंधारण गरे वमोजिम हुनेछ ।

(९) समितिको निंणय सदस्य सचिवले प्रमाणीत गरी राख्नेछ ।

CamScanner

५. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम् हुनेछ :-

क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषदबाट स्वकृत राट्रिय निति तथा योजना एवं राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समिति बाट स्विकृत एकिकृत तथा क्षेत्रगत निति योजना र कार्यक्रम अनुरुप हुने गरी गाउँ विपद् व्यवस्थापन योजना तर्जुमा गरी गाउँ सभा समक्ष पेश गर्ने ।

ख) सभाबाट स्विकृत निति तथा योजनाको अधिनमा रही विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य तथा पुनर्लाभ सम्बन्धि एकिकृत तथा क्षेत्रगत निति, योजना तथा कार्यक्रम स्वकृत गरी लागु गर्ने , गराउने,

ग) गाँउपालिकाको विपद् व्यवस्थापनका लागि कार्यक्रम स्विकृत गर्ने ।

घ) विपद् व्यवस्थापन सम्वन्धमा समितिको संस्थागत क्षमता विकास गर्ने, गराउने,

ङ) गाँउपालिकाका पदाधिकारी, कर्मचारी, स्वयमसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्वन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने ,

च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत समयन्त्र स्वय : परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागु गर्ने, गराउने,

छ) विपद् व्यवस्थापन सम्वन्धमा संघिय तथा प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक, निजि, गैर सरकारी लगायत सवै निकाय तथा संस्थाले निंवाह गर्नु पर्ने भुमिका निंधारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो निति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्वन्धि विषय समावेश गर्न लगाउने,

ज) विपदको समयमा स्थानिय आम समाचारका माध्यमहरुको भुमिका सम्वन्धि आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

झ) सरकारी, निजि एवं गैरसरकारी संस्था, स्थानिय स्वयमसेवक, सामाजिक परिचालक लगायत सम्वन्धित सवै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने, गराउने,

ञ) भौतिक संरचना निंमाण गर्दा भवन आचार संहिता लगायत अन्य स्वीकृत निंदेशिका वा मापदण्डको पालना गराउने ,

ट) स्थानिय सार्वजनिक पुर्वाधार सम्वन्धि संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

ठ) नदि किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोवास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने

CamScanner

ड) विपद् र स्थानिय निजि तथा सार्वजनिक क्षेत्रवाट भैरहेको सेवा प्रवाहमा अवरोध आईपरेमा सोको पुन: सञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्वन्धि कार्य गर्ने, गराउने ।

ढ) स्थानिय समुदायलाई विपद् प्रति जागरुक वनाउन, विपद्सँग सम्वन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने ।

ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यावस्थापन सम्वन्धि विषय समावेश गर्ने गराउने ।

त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने गराउने,

थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने,

द) स्थानियस्तरमा आपत्कालीन कार्य संचालनमा केन्द्रको स्थापना र संचालन गर्ने,

ध) गाँउपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार व्यवस्था मिलाउने ।

प) विपदमा परि हराएका, विग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

फ) विपद्वाट प्रभावित घरपरिवारको पहिचान, स्तर निंधारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

ब) विपद्को समयमा जोखिममा रहेका समूह महिला, किशोरी अपाङगता भएका व्यक्ति उपर हुन सके घटना लैङ्गीक हिंसा, वेचविखन रोकथामको लागि विशेष सजकता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

भ) विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुर्नस्थापना, रोजगारीका अवसरको सृजना तथा जीवन यापनका लागि आय आर्जनका क्रियाकलाप सञ्चालन गर्ने, गराउने,

म) विपद्को जोखिममा रहेका महिला, वालवालिका, जेष्ठ नागरीक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङगता भएका व्यक्तिहरुको लागि विशेष योजना तथा कार्यक्रम वनाई कार्यान्वयन गर्ने, गराउने ,

य) विपद व्यवस्थापन सम्वन्धमा सार्वजनिक संस्था तथा व्यवसायीक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने ।

CamScanner

६) **उद्देश्य :** विपद् व्यवस्थापन कोष स्थापना गर्नुको उद्देश्य समुदाय स्तरमा कुनै आपत् विपद् परी प्रभावित व्यक्तिहरुलाई तुरुन्तै उद्धार र राहत सेवा उपलव्ध गराउन प्रयोग गर्नु रहेको छ । साथै आप्तकालिन कोषलाई निरन्तर सञ्चालनका लागि श्रोत संकलन, व्यवस्थापन र परिचालन गर्ने ।

७) **आकस्मिक विपद् व्यवस्थापन कोष स्थापना तथा संकलन गर्ने प्रकृयाहरु :** प्रस्तुत आकस्मिक विपद् व्यवस्थापन कोष २०७५ अक्षयकोषको रुपमा स्थापना हुनेछ सोका लागि गाउँपालिकाले हाललाई ३० लाख स्थानिय बैंकमा खाता खोली रकम जम्मा गरिनेछ । यो कोषको खाता सञ्चालन सम्बन्धित गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको अनिवार्य संयुक्त हस्ताक्षर बाट खाता सञ्चालन गरिनेछ । साथै रकम वृद्धिका लागि गाउँपालिकालाई प्राप्त दान दातव्य एवं स्वेच्छिक चन्दा तथा अन्य श्रोतबाट प्राप्त रकम जम्मा गरिनेछ साथै निम्नबुदाहरु लाई समेत मध्यनजर गरी रकम वृद्धि गर्न समितिको भूमिका रहनेछ ।

७.१) कानूनवाट मान्यता प्राप्त हुने किसिमका कार्यक्रम सञ्चालन गरेर ।

७.२) स्थानीय तह, नगरपालिका, वडा कार्यालय,स्थानीय सरकारी तथा गैरसरकारी संस्थावाट सहयोग प्राप्त गरेर ।

७.३) सामुदायिक श्रोतहरु भाडामा दिएर ।

७.४) उपयुक्त ठाउँमा दान पेटिकाहरु राखेर ।

७.५) अन्य समुदायिक कार्यहरु गरी रकम संकलन गरेर ।

७.६) व्यक्ति तथा संस्थाको आय आर्जको स्तर अनुसार कोष वृद्धि गर्नको लागि आर्थिक सहयोग गर्न आवाहान गरेर

८) **आकस्मिक विपद् व्यबस्थापन कोष प्रयोग र खर्च :**

८.१) यो कोषको प्रयोग विपद् प्रतिकार्य प्रयोजनको लागि मात्र गरिनेछ ।

८.२) विपद् व्यवस्थापन कोषमा जम्मा भएको रकम खर्च गर्नु भन्दा अगाडि समितिको बैठकबाट आवश्यक निर्णय गर्नुपर्नेछ ।

८.३) यो कोषमा जम्मा भएको रकममध्ये ५० प्रतिशत रकम तत्काल प्रतिकार्यका लागि खर्च गर्न सकिनेछ तर सो ५० प्रतिशत रकम वाह्य सहयोग प्राप्त भइसकेपछि सोधभर्ना गर्नुपर्नेछ ।

८.४) आप्तकालीन अवस्थामा भए गरेका खर्चहरुलाई गाउँपालिकामा जानकारी गराउनु पर्नेछ ।

८.५) कोष वाट भएका खर्चहरुका विल भर्पाई दुरुस्त फाईलिङ गरी राख्नु पर्नेछ ।

CamScanner

९) आकस्मिक विपद् व्यवस्थापन कोष को आय व्यय विवरण :

९.१) कोषको हिसाव किताव राख्ने तथा आय व्यय विवरण तयार पार्ने कार्य विपद् व्यवस्थापन समितिले गरि विल भरपाईहरु लेखा यवस्थापन प्रणाली अनुरुप हुनेछ ।

९.२) कोषको रकम परिचालन वा खर्च गर्दाको निर्णय विल भरपाई तथा सम्वन्धीत कागजपत्र दुरुस्त राख्नु पर्नेछ ।

९.३) कोषको विस्तृत आय व्यय विवरण तयार पारी प्रत्येक वर्षको गाउँपालिकाको सभामा कोषको लेखा परिक्षण प्रतिवेदन प्रस्तुत गर्नेछ ।

१०) प्राकृतिक तथा गैर प्राकृतिक विपत मापदण्ड

- आगलागि, वाढि, पहिरो जस्ता प्राकृतिक प्रकोप वाट घर पूर्ण रुपमा क्षति ग्रस्त भएमा राहत स्वरुप रु १००,०००।
- आगलागि, वाढि, पहिरो जस्ता प्राकृतिक प्रकोप वाट घर आंसिक रुपमा क्षति ग्रस्त भएमा मर्मत राहत स्वरुप रु ३०,०००।
- आगलागि, वाढि, पहिरो जस्ता प्राकृतिक प्रकोप मा परि मृतक व्यक्तिको किरिया खर्च रु २५,०००।
- आगलागि, वाढि, पहिरो जस्ता प्राकृतिक प्रकोप मा परि घाइते व्यक्तिलाइ उपचार सहायता स्वरुप रु २०,०००।

मथि उल्लेखित राहत प्राप्त गर्न गाउँ पालिका स्थानीय वासि हुनुपर्ने, प्रहरी मुचुल्का पेश गर्नुपर्ने, वडावाट सिफारिस हुनु पर्ने छ । उक्त निवेदन माथि काम कारवाहि गरि सामान्य तया १५ दिन भित्र राहत उपलव्ध गराइने छ ।

तर कोषमा रकम अभाव भएकोमा गाउँपालिका राहत दिन वाध्य हुने छैन ।

CamScanner